# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

## एकल पुरुष निर्वाह भत्ता वितरण गर्ने प्रयोजनार्थ आवेदन संकलन सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः-२०७९/०७/१७)*

मरिण गाउँपालिकाको आ.व. ०७९/८० को बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित एकल पुरुष भत्ता वितरण कार्यक्रम कार्यान्वयानार्थ मरिण गाउँपालिका स्थायी ठेगाना भई बसोबास गरिरहेका {५० बर्ष उमेर पूरा गरेका तर ६८ बर्ष नपुगेका (दलितको हकमा ५० बर्ष उमेर पूरा गरेका तर ६० बर्ष नपुगेका) तथा अविवाहित पुरुषको हकमा ४५ बर्ष उमेर पूरा गरेका तर ६८ बर्ष नपुगेका (दलित अविवाहित पुरुषको हकमा ४५ बर्ष उमेर पूरा गरेका तर ६० बर्ष उमेर नपुगेका)} नागरिकहरुले मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ को दफा ८ बमोजिम देहायका कागजातहरु संलग्न गरी सम्बन्धित वडा कार्यालयहरुमा १५(पन्ध्र) दिन भित्र आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

➢ <u>आवश्यक कागजातहरुः</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. विवाहितको हकमा पत्नीको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि एवं पत्नीको अन्यत्रै विवाह हुन गइ एकल हुन पुगेको प्रमाण (सरजमिन मुचुल्का),

३. अविवाहितको हकमा एकल पुरुष जनिने प्रमाण (सरजमिन मुचुल्का),

४. अन्य आवश्यक कागजात एवं प्रमाणहरु,

२०७९/०७/१७
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः- प्रत्येक वडाहरुले आवेदनको म्याद समाप्त भएको मितिले ५(पाँच) दिन भित्र वास्तविक एकल पुरुषहरु एकीन गरी प्रमाणित कागजातहरु सहितको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउन हुन ।*